# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।१२।१७ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०७९।१२।१७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता
भोला दाहाल

**देहायः**

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १. | प्रतिवादीहरु विनोदकुमार सिंह, गीता देवी सिंह, अनुप कुमार सिंह र अचल कुमार सिंह (वि.अ. को मु.नं. ०७५-CR-०१०५, वि.अ. को फैसला मिति २०७९।०७।१५) | गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको। | प्रतिवादी बिनोद कुमार सिंहले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको हुँदा प्रतिवादी बिनोद कुमार सिंहलाई बिगो रू. १,९१,६१,६२५।६८ (अक्षरेपी एक करोड एकानब्बे लाख एकसठ्ठी हजार छ सय पच्चीस रूपैया र पैसा अठ्सठ्ठी मात्र) कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ (ग) तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम जरिवाना र कैद सजाय हुन तथा साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ | **फैसलाः**<br>प्रतिवादीहरुलाई आरोपदावीवाट सफाई हुने ठहर्छ।<br>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**<br>•अभियोजन पक्षले कहिले छोटो र कहिले लामो अवधिलाई जाँच अवधि कायम गरी Cash flow तयार पारी त्यस अवधिमा प्रतिवादीले गरेको आय भन्दा व्यय बढि देखिएको, लगानी गरेको सम्पत्तिको श्रोत नखुलेको भन्ने आधारमा मिसिल प्रमाणबाट देखिएको, प्रतिवादीले गरेको आम्दानीलाई पनि आयमा गणना नगरिएको। प्रतिवादीले सम्पुर्ण जाँच अवधिभित्र आर्जन गरेको आय व्ययलाई खण्ड खण्ड गरेर अवधि निर्धारण गर्ने र त्यस अवधि भित्रको आय र व्ययको विश्लेषण बाट श्रोत खुलेको र नखुलेको भन्ने आधारमा प्रतिवादीले आर्जन गरेको वैध सम्पत्तिलाई आयमा नजोड्नु उपयुक्त देखिदैन। प्रतिवादीले सम्पूर्ण जाँच अवधिभित्र गरेको आय र व्ययको समग्र विश्लेषण गरी निष्कर्षमा पुग्नुपर्ने हुन्छ।<br>•**प्रतिवादीको आय व्यय तर्फ विचार गर्दा;**<br>**(अ)प्रतिवादीको आय तर्फ**<br>❖**प्रतिवादी विनोद कुमार सिंहको तलवः** वादी पक्ष आफैले प्रतिवादीले जाँच अवधिभित्र तलव भत्ता वापत प्राप्त गरेको जम्मा रकमबाट जिवन निर्वाहको लागि ३०% रकम कटाएर वाँकी रहेको ७०% रकम भनी उल्लेख गरेको रकम रु.२१,२२,५०५।८९ प्रतिवादीको आयमा समावेश हुने देखियो।<br>❖सामान्य प्रशासन मन्त्रालयको च.नं.१७६को पत्रबाट लुगा भत्ता वापत रु.८०००।- | क. **सर्वप्रथमतः** जाँच अवधि कायम गर्दा औचित्य तथा त्यसको मापदण्ड समेत आरोपदावीमा उल्लेख नभएको सन्दर्भमा अदालतवाट जाँच अवधिलाई कहिले १ वर्ष कहिले ६ वर्ष, कहिले २ वर्ष, कहिले ८ महिना गरेको भनी उल्लेख गरेतापनि उक्त अवधिको आधारमा नभई आय र व्ययको आधारमा आय व्यय प्रवाहा विवरण तयार गर्ने क्रममा प्रतिवादीको आय भएको रकम भन्दा व्यय भएको रकम जाँहा वाट वढी हुन आउछ र प्रतिवादीले उक्त रकमको स्रोत समेत पुष्टि गर्न नसकेको अवस्थामा तँहा सम्म एक जाँच अवधि कायम गर्दा उक्त जाँच अवधि कहिले घटी कहिले बढी कायम हुन गएको हो । आय भएको रकम भन्दा व्यय भएको रकम बढी भएको अवस्थामा *वादी नेपाल सरकार प्रतिवादी युवराज शर्मा भएको भ्रष्टाचार मुद्दामा* **गैरकानूनी आर्जन गरेको भनी पर्ने भ्रष्टाचारका मुद्दाहरुमा जाँच अवधिमा प्रतिवादीले आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरुको सो अविधमा निजलाई कानूनी रुपमा प्राप्त भएका आयहरुवाट श्रोत पुष्टि गर्न सक्नु पर्ने। आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ। त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन। बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिंदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ,जुन कानूनसम्मत हुन नसक्ने**" (ने.का.प.२०६९, अंक ५, निर्णय नं. ८८८६) भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ। समग्र जाँच अवधिको आधारमा सम्पत्तिको विश्लेषण गरी न्याय निरुपण गर्दा प्रस्तुत सिद्धान्तमा उल्लेख भए जस्तै बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिंदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ,जुन कानूनसम्मत हुन नसक्ने हुँदा उक्त आधार त्रुटीपूर्ण रहनुका साथै प्रस्तुत फैसला समेत बदरभागी छ ।<br>ख. सम्मानीत सर्वोच्च अदालतले वादी नेपाल सरकार प्रतिवादी देवेन्द्र डंगोल भएको मुद्दामा"अकुत सम्पत्तिमा न्याय निरूपणको क्रममा प्रमाणहरूको प्रचुरतालाई हेर्दा र दोषी वा निर्दोषिताको प्रमाण परीक्षणको आधार मान्दा अभियोगपत्रमा के कुन सम्पत्तिलाई स्रोत खुलेको वैध मानिएको रहेछ भन्ने कुराहरूतर्फ पनि अदालतले ध्यान दिई अभियोग पत्र र प्रमाणको समग्रतामा नै निर्णय निष्कर्षमा पुग्नुपर्छ । अभियोगपत्रमा कुन सम्पत्तिलाई वैध मानिएको छ भन्ने कुरालाई बिर्सी स्रोत नखुलेको सम्पत्तिलाई मात्र वैध ठहऱ्याउन खोजिएमा गैरकानूनी सम्पत्ति आर्जनको मुद्दामा पनि प्रमाणहरूको प्रचुरताको सिद्धान्त प्रतिस्थापित हुन गई घटना विशेषमा आधारित भ्रष्टाचार मुद्दामा जस्तै अकुत सम्पत्तिको कसुरमा पनि आरोप शंकारहित तवरबाट प्रमाणित हुनुपर्ने (Beyond reasonable doubt) सिद्धान्त नै हावी हुनपुग्ने।" (ने.का.प.२०७५, अंक १, निर्णय नं. ९९३२) भनी नजिर प्रतिपादन भई सकेको अवस्थामा सोको प्रतिकुल हुने गरी श्रोत खुलेको र नखुलेको भन्ने आधारमा प्रतिवादीले आर्जन गरेको वैध सम्पत्तिलाई आयमा नजोड्नु उपयुक्त देखिदैन भनी आधार लिई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटि पूर्ण छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | को दफा १६ (ग), दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) बमोजिम गैर कानूनी रूपमा आर्जन गरेको सम्पत्तिहरू जफत हुनका साथै प्रतिवादी बिनोद कुमार सिंहले गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी निजकी श्रीमती गीता देवी सिंह, छोराहरू अनुप कुमार सिंह र अचल कुमार सिंहको नाममा राखेको तथा सोबाट बढेबढाएको सम्पत्तिहरू मध्ये हाल कायम रहेको सम्पत्तिहरू साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ (ग) तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार | निकासाको लागि पत्राचार भएको र सो रकम गणना गर्न छुट भएको देखिँदा रु.८०००।- निजको आयमा गणना हुनुपर्ने देखिएको।<br>❖**जग्गाविक्री बाट प्राप्त आयः** प्रतिवादीले बयानका साथ पेश गरेको अनुसूची २ भित्र गीता देवी सिंहले मिति २०७३/१२/२४ मा सुनसरी पश्चिम कुसवाहको वडा नं.४ "घ" कि.नं.३५८ को जग्गा विजय कट्टेललाई रु.२३,०००। मुल्यमा र सोहि स्थानको कि.नं.३५९ को जग्गा मिति २०५९/१२/५ मा फुसियाहिदेवी राजलाई गितादेवी सिंहले रु.२५,०००। मा विक्री गरेको राजिनामाको लिखत रहेको देखिन्छ। गीतादेवी सिंहले विक्री गरेका उल्लेखित जग्गाबाट भएको आय आरोपपत्रमा समावेश भएको नदेखिदाँ प्रतिवादीको जिकिर बमोजिम रु.४८,०००/- आयमा थप हुने देखियो।<br>❖**विदेश भ्रमणबाट प्राप्त आयः**- प्रतिवादीले बयानका साथ पेश गरेको कागजातको अनुसूची ३ मा सामान्य प्रशासन मन्त्रालयको मिति २०७१/६/१९ को पत्र समावेश रहेको र त्यसमा प्रतिवादी आ.व.२०६७/०६८ मा भारतमा संचालित तालिममा सहभागी भए वापत मिति २०६७/१०/२० मा भ्रमण खर्च रु.४८,७७८। भुक्तानी भएको व्यहोरा प्रमाणित गरिन्छ भन्ने पत्र र सोहि मितिको गोश्वारा भौचर समेत रहेको। त्यसैले विदेश भ्रमणबाट प्राप्त रु.४८,७७८। समेत निजको आयमा जोड्नुपर्ने देखिन्छ।<br>❖**कृषिबाट प्राप्त आयः** प्रतिवादीको कृषि आयमा आरोपपत्रमा उल्लेखित रकम रु.१४१२९३०।८२ का अतिरिक्त आरोपपत्रमा कायम गरिएको तर श्रोत नखुलेको कारण जनाई | ग. प्रतिवादीले विभिन्न समयमा प्राप्त गरेको आय भन्दा कम आय आयोगले देखाएको सन्दर्भमा प्रतिवादीहरुको तलव, भत्ता र पारिश्रमिक समेतको आयको गणना गर्दा निजहरु कार्यरत हुँदाको सम्बन्धित निकाय तथा निजामती कितावखानावाट प्राप्त विवरणहरुका आधारमा निजहरुले प्राप्त गर्ने तलब, भत्ता लगायतका सुविधा निर्धारण गरी सोही बमोजिम जिवन निर्वाहा खर्च कट्टा गरी आरोप दावीमा आयमा गणना गरिएकोमा प्रतिवादीले उक्त तलब, भत्ता र पारिश्रमिकको आयको गणना कम गरिदिएको भनी कसूरवाट उन्मुक्ति पाउने मनसायले पेश गरेका देखिन्छ। वादी नेपाल सरकार विरुद्ध भरत प्रसाद नेपाल समेत भएको मुद्दामा "बिगोमा कायम गरेको मिलेन भनेर जिकिर लिएर मात्र हुँदैन । स्पष्ट आधार र कारण देखाएर अदालतलाई विस्वस्त पार्नु पर्ने हुन्छ । यो दायित्व पुनरावेदक प्रतिवादीको नै हो" (ने.का.प. २०७२ अंक ११, नि.नं. ९४९२) भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। प्रतिवादीको उक्त तलब, भत्ता र पारिश्रमिक वापतको रकम कायम गर्दा प्रतिवादी स्वंयले आफूले विभिन्न मितिमा विभिन्न कार्यालय/निकायबाट यो मितिमा यती रकम बुझेको भनी यस आयोगमा भरेको सम्पत्ती विवरण फारम र वयानमा उल्लेख गरेको रकम तथा सम्बन्धित कार्यालयमा पत्राचार गरीती कार्यालयहरुबाट प्राप्त पत्रको आधारमा उक्त रकम निर्धारण गरी उल्लेख गरिएको हो । यसरी अनुसन्धानको क्रममा प्रतिवादीले दावी नगरिएको आय अदालतमा पुगेपछि बहस नोटमा जिकिर लिएको भनी अनुमानको आधारमा आय थप गरी आम्दानी बढाउने र सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण रहेकोहुँदा बदरभागी छ।<br>घ. **प्रतिवादीको आय व्यय तर्फको विश्लेषण गर्दाः**<br>**<u>(अ)प्रतिवादीको आय तर्फ विचार गर्दा,</u>**<br>❖**प्रतिवादी विनोद कुमार सिंहको तलवः** वादी पक्ष आफैले प्रतिवादीले जाँच अवधिभित्र तलव भत्ता वापत प्राप्त गरेको जम्मा रकमबाट जिवन निर्वाहको लागि ३०% रकम कटाएर बाँकी रहेको ७०% रकम भनी उल्लेख गरेको रकम रु.२१,२२,५०५।८९ प्रतिवादीको आयमा समावेश हुने देखियो भनी फैसला भएको सम्वन्धमा हेर्दा दशै भत्ता तथा दुर्गम भत्ता खर्च भएर जाने नै हुदा सो कट्टा गरी रु.१९,०६,४२०.८७ आय कायम गरेकोलाई अन्यथा भन्नुपर्ने अवस्थाछैन ।<br>❖त्यस्तै लुगा भत्ता वापत रु.८०००।- रकम गणना गर्न छुट भएको देखिँदा रु.८०००।- निजको आयमा गणना हुनुपर्ने भन्ने सम्वन्धमा हेर्दा सो रकम समेत खर्च भई जाने प्रकृती रहेको देखिएकोले आयमा गणना गर्नु पर्ने देखिदैन ।<br>❖**विदेश भ्रमणबाट प्राप्त आयः-** प्रतिवादीले बयानका साथ पेश गरेको कागजातको अनुसूची ३ मा सामान्य प्रशासन मन्त्रालयको मिति २०७१/६/१९ को पत्र समावेश रहेको र त्यसमा प्रतिवादी आ.व.२०६७/०६८ मा भारतमा संचालित तालिममा सहभागी भए वापत मिति २०६७/१०/२० मा भ्रमण खर्च रु.४८,७७८। भुक्तानी भएको व्यहोरा प्रमाणित गरीन्छ भन्ने पत्र र सोहि मितिको गोश्वारा भौचर समेत रहेको छ। त्यसैले विदेश भ्रमणबाट प्राप्त रु.४८,७७८। समेत निजको आयमा जोड्नुपर्ने देखिन्छ भनी आधार लिएको सम्वन्धमा हेर्दा आरोपपत्रको पृ.३ मा उक्त अवधीमा भारतमा संचालित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) बमोजिम जफत हुन समेतको मागदाबी लिइएको र सो सम्पत्तिहरू जफत गर्ने प्रयोजनका लागि मात्र निजकी श्रीमती गीता देवी सिंह, छोराहरू अनुप कुमार सिंह र अचल कुमार सिंहलाई समेत प्रतिवादी कायम गरिएको। | नजोडिएको रकम रु.२२७८८३५। समेत जोडी जम्मा रु.३६,९१,७६५। आय कायम हुने देखियो।<br>❖**अनुप निर्माण सेवाबाट प्राप्त आयः**- आरोपदावीमा फर्ममा लगानी गर्दा उक्त अवधिमा प्रतिवादीको श्रोत खुलेको रकमलाई मात्र आधार मानी श्रोत पुगेको हिस्सा मात्रै हिसाव गरेर आय जोडिएको छ। प्रतिवादीको आय व्ययलाई खण्ड खण्ड गरेर होइन, समग्रमा गर्नुपर्दछ भन्ने सम्मानित सर्वोच्च अदालतबाट भएका फैसला, तिनमा प्रतिपादित सिद्धान्तहरुबाट मार्ग निर्देश भएको, हाम्रो अदालती अभ्यासमा समग्रतामा आय व्यय विवरण जाँच्नु पर्दछ भन्ने स्थापित अभ्यास रहेको भन्ने कुराको माथि नै चर्चा भैसकेको हुँदा प्रतिवादीले अनुप निर्माण सेवाबाट प्राप्त गरेको भनी आरोपपत्रले स्विकार गरेको समग्र आयलाई निजको आयमा जोड्नुपर्ने अवस्था देखियो। यस शिर्षक अन्तर्गतको जम्मा आय रु.२३,१७,६५६। निजको आय कायम हुने देखियो।<br>❖**घर बहाल आयः** "घर निर्माण लगायतको सबै आयको श्रोत नखुलेको हुदाँ" भन्ने आधारमा श्रोत खुलेको हिस्साको मात्र हिसाव गरेर थोरै रकम मात्र आयमा जोडिएकोछ। आरोपपत्रमा सम्पूर्ण जाँच अवधिमा प्रतिवादीले घर वहाल वापत प्राप्त जम्मा रकम हिसाव गरेर रु.१८,९९,५०५। निकालेको देखिन्छ। आरोपत्रमा हिसावबाट निकालिएको उल्लेखित रकम रु.१८,९९,५०५। प्रतिवादीले घर बहालबाट आम्दानी गरेको रहेछ भन्ने कुरामा विवाद देखिदैन। सम्पुर्ण जाँच अवधिमा प्रतिवादीले गरेको आम्दानी र खर्चलाई समग्र मुल्याङ्कन गरेर | तालिम वापत रु.६१,५०२.४० को ७०% ले हुन आउने रु.४३,०५१.६८ रकम विदेश भ्रमणमा कायम गरी सके पश्चात एकै समयको एकै कामको दोहोरो आय कायम गर्न मिल्ने देखिदैन ।<br>❖ **कृषिबाट प्राप्त आयः** प्रतिवादीको कृषि आयमा आरोपपत्रमा उल्लेखित रकम रु.१४,१२,९३०।८२ का अतिरिक्त आरोपपत्रमा कायम गरिएको तर श्रोत नखुलेको कारण जनाई नजोडिएको रकम रु.२२७८८३५। समेत जोडी जम्मा रु.३६,९१,७६५। आय कायम हुने देखियो भनी आधार लिएको सम्वन्धमा हेर्दा आरोपपत्रको पृ.२६ र २७ मा प्रतिवादी विनोद कुमार सिंहको जग्गाहरु मध्ये स्रोत खुलेको रकमबाट खरिद भएको जग्गाको क्षेत्रफलबाट प्राप्त कृषि आय भनी विश्लेषण नै गरेको अवस्थामा श्रोत नखुलेकोवाट आर्जित रु.२२,७८,८३५।— रकमलाई समेत आयमा गणना गर्ने गरी भएको फैसला (ने.का.प.२०६९, अंक ५, निर्णय नं. ८८८६) भ्रष्टाचार मुद्दामा सर्वोच्च अदालतवाट प्रतिपादित निजिरको रोहमा समेत त्रुटि पुर्ण छ । त्यस्तै, बिनोद कुमार सिंहले आयोगमा पेश गरेको सम्पत्ति विवरण फाराममा पैत्रिक जग्गाबाट कृषि आय भनी दाबी लिएको आय रकम सम्बन्धमा हेर्दा बादी मनोज कुमार सिंह र प्रतिवादी कमलादेवी सिंह समेत भई जिल्ला अदालत सप्तरीमा चलेको अंश चलन मुद्दामा मिति २०५८/०६/२६ मा भएको मिलापत्रको व्यहोरा हेर्दा निजहरूको आमाको नाममा रहेको पैत्रिक सम्पत्ति आमा कमलादेवी सिंहले आजीवन दान, धर्म, तीर्थ व्रत व्यवहार आदिका लागि आफू खुसी गर्न पाउने र सो सम्पत्तिमा बिनोद कुमार सिंह समेतका अंशियारहरूले हस्तक्षेप गर्न नपाउने र शेष पछि मात्रै बराबर बाँडी खान पाउने शर्त उल्लेख गरी मिलापत्र गरेको देखिएको र पैत्रिक जग्गाको रूपमा रहेको जग्गाको क्षेत्रफल समेतलाई बिचार गर्दा पारिवारिक जीविकोपार्जन, घरव्यवहार सञ्चालन गरी सोबाट आय आर्जन गर्न सक्ने अवस्था समेत नदेखिएकाले पैत्रिक सम्पत्तिबाट कृषि आय भनी दाबी गरेको निजको जिकिर अनुसार कृषि आयलाई आम्दानीमा गणना गर्न मिल्ने देखिदैन, साथै स्वआर्जित जग्गाको निजले दाबी गरेको कृषि आयको सम्बन्धमा हेर्दा जग्गा खरिद गर्दा खर्च गरेको रकमको नै स्रोत नखुलेको जग्गाको कृषि आयलाई गणना गरिएको छैन। स्रोत खुलेको जग्गाहरू मध्ये ठेक्कामा लगाएको सुनसरी जिल्लाको जग्गा हामीले ठेक्कामा लिई कमाउँदै आएको र बार्षिक प्रति कठ्ठा ६० किलो धान मात्र जग्गा धनीलाई बुझाउँदै आएका छौं, बार्षिक एकबाली मात्र खेती हुन्छ भनी शिव नारायण सरदार समेतका व्यक्तिहरूले मिति २०७५/०२/२८ मा कागज गरिदिएको देखिँदा उल्लिखित जग्गाहरूको उक्त परिमाणको धानको बजार मूल्यको आधारमा बजार मूल्य अनुसार आम्दानी गणना गरिएको छ। साथै सप्तरी जिल्लाको कृषि आयको सम्बन्धमा धान र गँहु खेतीको लागत खर्च कट्टा गरी बजार मूल्यको आधारमा कृषि आय गणना गरिएको छ। घडेरी प्रयोजनको लागि खरिद गरिएको जग्गाहरूको हकमा कृषि आय गणना गर्न मिल्ने अवस्था नरहेको हुदा समेत सो आयलाई कृषि आयमा गणना हुने ठहर गरी भएको फैसला त्रुटी पूर्ण छ ।<br>❖ **घर बहाल आयः** "घर निर्माण लगायतको सबै आयको श्रोत नखुलेको हुदाँ" भन्ने आधारमा श्रोत खुलेको हिस्साको मात्र हिसाव गरेर थोरै रकम मात्र आयमा जोडिएको छ । उदाहरणको लागी; जिल्ला सप्तरी, राजविराज-९, कि.नं.७१६ र ९७८ मा निर्मित्त घरबाट आ.व.२०७२/७३ मा जिल्ला जनस्वास्थ्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | हेरिने हुँदा उक्त रकमलाई निजको घर वहाल वापत प्राप्त आयमा गणना गर्नुपर्ने देखिन आयो।<br>❖**शेयरबाट प्राप्त लाभांस रकमः-** प्रतिवादीले शेयरबाट प्राप्त गरेको लाभांस रकम रु.६६,१०६.९०। वादी पक्षले आरोपपत्रमा प्रतिवादीको आय मानी निजको आय व्ययको समग्र अवस्थामा देखाएको पाइन्छ। प्रतिवादीले शेयर वापतको लाभांस रकम त्यति मात्रै नभै जम्मा रु.२,३५,४३४।५९ हो, जाँच अवधिमा मैले प्राप्त गरेको लाभांस रकम हिसाव गरेर आरोपत्रमा नै उल्लेखित रकम निकालिएको छ। वादी पक्षले आफूखुसी अवधि निर्धारण गरी जाँच गरेको र सो समयमा श्रोत नखुलेको भन्ने आधारमा मेरो सबै आयलाई गणना नगरी श्रोत नपुगेको भन्ने दावी लिएको अवस्था छ। त्यसैले आरोपपत्रमा प्रतिवादीहरुको शेयर लाभांसबाट प्राप्त गरेको भनी स्विकार गरिएको हिसावबाट देखिएको जम्मा रकम रु.२,३५,४३४।५९ लाई निजहरुको आयमा थप गर्नुपर्ने देखिन्छ।<br>❖**विमा म्याचुरिटी फिर्ता वापतको रकमः-** प्रतिवादीले विमा म्याचुरिटी फिर्ता वापत जम्मा रु.१,४२,६६०।५८ आय प्राप्त गरेको मानी आरोपपत्रमा उक्त रकमलाई आयमा जोडिएको छ भने प्रतिवादीले यस शिर्षक अन्तर्गत जम्मा रु.१,९४,५४६/- आय भएकोछ, सो रकमलाई मेरो आयमा गणना गर्नुपर्दछ भन्ने जिकिर लिएको देखिन्छ। जाँच अवधिमा प्रतिवादीहरुले गरेको आय र व्ययलाई समग्रतामा अध्ययन गरी श्रोत पुग्ने हो वा होइन भनेर नहेरिने हुँदा निजहरुले यस शिर्षकमा गरेको आय प्रमाणले पुष्टी भएको सम्पुर्ण आय रु.१,९४,५४६/- लाई नै निजहरुको आयमा गणना गर्नुपर्ने देखियो। | कार्यालयबाट प्राप्त घर भाडा रू.२,५२,०००।- भएता पनि सो घर निर्माण लगातको २.१०% को स्रोत खुलेको हुँदा सोही अनुसार आयमा गणना गरिएको भनी सम्पूर्ण तथ्यलाई आरोप-पत्र पृ.३२ देखि पृ.७५ मा आय व्ययको प्रवाह विवरण विस्तृत विश्लेषण गरेको नै अवस्था हुदा हुदै सो लाई अन्देखा गरी सम्मानित सर्वोच्च अदालतवाट (ने.का.प.२०६९, अंक ५, निर्णय नं. ८८८६) भ्रष्टाचार मुद्दामा फैसला, तिनमा प्रतिपादित सिद्धान्तहरुबाट मार्ग निर्देश भएको अवस्थामा सोलाई अन्यथा हुने गरी श्रोत नै नखुलेको रकमवाट निर्माण गरिएको घरवाट घर वहाल आयमा गणना मिल्ने भनी जम्मा रकम रु.१८,९९,५०५।— घर वहाल आय ग्रहण गरी भएको फैसला त्रुटिपूर्ण भई बदर भागी छ।<br>❖ **ऋण सापटीः** ऋण सापटीको हकमा हेर्दा अदालतको फैसलाको पृ.१३६ को (ट) बुद्धामा ऋण सापटी बाट प्राप्त आयको हकमा प्रतिवादीको जिकिरबमोजिम ऋण सापटीलाई आयमा गणना गर्न मिल्ने देखिएन भनी आरोपपत्रको नै रकमलाई स्विकार गरेको देखिएकोमा फैसलाको पृ.१४२ मा आयोगवाट कायम ऋण सापटी रु.७२,०७,६००।— र अदालतवाट कायम रु.१,००,९७,६००।— भनी उल्लेख गरी स्वंय फैसलाको तथ्य एक आपसमा बाझिने गरी भएको फैसला त्रुटि पूर्ण छ ।<br>❖ **अनुप निर्माण सेवाबाट प्राप्त आय, जग्गाविक्री बाट प्राप्त आय, शेयरबाट प्राप्त लाभांस रकम, विमा म्याचुरिटी फिर्ता वापतको रकम, शेयर विक्रि वापत प्राप्त रकमको हकमा** अदालतवाट आरोप-पत्रमा स्वीकार गरिएको रकमलाई आयमा गणना गर्नुपर्ने देखियो भनेता पनि श्रोत नखुलेको भनी आरोपपत्रमा विश्लेषण गरी सो कट्टा गरी कायम गरेको आयाई अन्देखा गरी श्रोत नखुलेको आयवाट वढे वढाएको आयलाई गणना गर्न नमिल्ने भनी (ने.का.प.२०६९, अंक ५, निर्णय नं. ८८८६) भ्रष्टाचार मुद्दामा सम्मानित सर्वोच्च अदालतको भएको फैसला, तिनमा प्रतिपादित सिद्धान्तहरुबाट मार्ग निर्देश भएको अवस्थामा सोलाई अन्यथा हुने गरी भएको फैसला त्रुटिपूर्ण भई बदर भागी छ।<br>**(आ)<u>प्रतिवादीको व्यय तर्फ विचार गर्दा,</u>**<br>❖ **घर निर्माण तर्फको व्यय रकमः-** प्रतिवादीको जिल्ला, सप्तरी राजविराज न.पा. वार्ड नं. ९ को कि.नं. ७१६ र ९७८ मा रहेको घर निर्माण वापतमा रु.२३,६८,८००। व्यय भएको भनी आयोगबाट कायम भएको देखिन्छ। वादी नेपाल सरकारका तर्फबाट कायम गरिएको घर निर्माण खर्च शिर्षकको रकम के आधारमा कायम गरिएको हो भन्ने कुरा मिसिल प्रमाणबाट खुलेको नदेखिँदा प्रतिवादीले स्वीकार गरेको रकम रु.२१,७०,०००। लाई व्यय कायम गर्नु उचित देखियो भनी आधार लिएको सम्वन्धमा हेर्दा आरोप-पत्रको पृ.७८ मा जिल्ला सप्तरी, राजविराज-९, कि.नं.७१६ र कि.नं.९७८ को जग्गामा निर्माण भएको घरको लगातको सम्बन्धमा सहरी विकास तथा भवन निर्माण विभागको स्वीकृत दर अनुसार घर निर्माण मूल्य कायम गरी गणना गरिएको भनी स्पष्ट खुलाएको अवस्थामा सोलाई अन्देखा गरी भएको फैसला त्रुटिपूर्ण छ।<br>❖ **घर जग्गा खरीदतर्फको व्ययः** प्रतिवादी गीतादेवी सिंहका नाउँमा खरीद गरीएको कि.नं. १५६ र ७१६ को जग्गा राजिनामाबाट हक हस्तान्तरण भएकोमा कैफियत महलमा निजि आर्जन र दाइजो पेवा भनी उल्लेख भए पश्चात सोको श्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसलाई आयमा गणना गर्न मिल्ने होईन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ❖**शेयर विक्रि वापत प्राप्त रकमः** प्रतिवादीले शेयर विक्री वापत प्राप्त गरेको रकमलाई आरोपपत्र को सि.नं.३४०, ३६५, ३६६, ३६७, ३६८ र ३८९ मा देखाइएको छ। आरोपपत्रमा नै स्विकार गरिएको उल्लेखित रकम रु.५,९८,९०१.४७ प्रतिवादीले शेयर विक्रीबाट प्राप्त गरेको देखिंदा त्यसलाई पनि निजको आयमा गणना गर्नुपर्ने देखियो।<br>*प्रतिवादीले गरेको समग्र आय रु.३,२२,८७,०९१।७० कायम गर्नु पर्ने देखियो ।*<br><br>**(आ)प्रतिवादीको व्यय तर्फ,**<br>❖**घर निर्माण तर्फको व्यय रकमः-** प्रतिवादीको जिल्ला, सप्तरी राजविराज न.पा. वार्ड नं. ९ को कि.नं. ७१६ र ९७८ मा रहेको घर निर्माण वापतमा रु.२३,६८,८००। व्यय भएको भनी आयोगबाट कायम भएको देखिन्छ। वादी नेपाल सरकारका तर्फबाट कायम गरिएको घर निर्माण खर्च शिर्षकको रकम के आधारमा कायम गरिएको हो भन्ने कुरा मिसिल प्रमाणबाट खुलेको नदेखिँदा प्रतिवादीले स्वीकार गरेको रकम रु.२१,७०,०००। लाई व्यय कायम गर्नु उचित देखियो।<br>❖**घर जग्गा खरीदतर्फको व्ययः** प्रतिवादी गीतादेवी सिंहका नाउँमा खरीद गरीएको कि.नं. १५६ र ७१६ को जग्गा राजिनामाबाट हक हस्तान्तरण भएकोमा कैफियत महलमा निजि आर्जन र दाइजो पेवा भनी उल्लेख गर्दैमा त्यसलाई आयमा गणना गर्न नहुने भन्न मिल्दैन। निजका नाउँको कि.नं. ७८७ को जग्गा र त्यसमा बनेको घरको लिखत बमोजिमकै मुल्य कायम | । साथै दाईजो पेवाको हकमा निजको पैत्रिक सम्पत्तिको हकदार के कति जना छन, एका सगोल परिवार हेस्दारी, दाईजो पेवामा लिन दिन मिल्ने हो होईन सो समेत विश्लेषण हुन पर्नेमा सो तर्फ प्रवेश नै नगरी कि.नं. ७८७ को जग्गा र त्यसमा बनेको घरको लिखत बमोजिमकै मुल्य कायम हुने भनी फैसलामा आधार लिएको देखियो, त्यस्तै कि.नं. १५६ र ७१६ को जग्गाको हकमा सो घर जग्गा विक्रि गर्ने विजयकुमार जोशीले अनुसन्धानको क्रममा आयोगमा र अदालतमा बकपत्र गर्दा समेत लिखतमा लेखिएको मुल्य भन्दा वढी मुल्यमा विक्रि गरेको हु भनी खुलाई लेखाई सो सँग सम्वन्धी भुक्तानी रकम मध्ये गीता देवी सिंहको नाममा रहेको प्रभु बैंक र प्राइम बैंकको खाताबाट पटक पटक गरी जम्मा रू.७२,६०,०००।- मैले चेकबाट प्राप्त गरेको, बाँकी रकम मध्ये मधेशी निजामती कर्मचारी संघको राष्ट्रिय वाणिज्य बैंकको खाताबाट रू.१०,००,०००।- प्राप्त गरेको र अन्य केही रकम नगदै र अन्य बैंकको चेकबाट लिएको, गीता देवी सिंहको उल्लिखित बैंकको खाताबाट जम्मा रू.७२,६०,०००।- बिजय कुमार जोशी र निजको श्रीमती कृष्णा जोशीको नाममा भुक्तानी भएको समेत देखिएको हुँदा उक्त जग्गा लिखतमा उल्लिखित रकम रू.५४,११,०००।-मा खरिद गरेको नभई रू.१,१०,००,२५०।- मा खरिद गरेको देखिएका मध्ये चेक लगायतको प्रमाण मिसिल सामेल देखिसके पश्चात सो लाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ वमोजिम प्रमाणमा लिन पर्नेमा सोलाई समेत अन्देखा गरी राजिनामा लिखत बमोजिमकै मुल्यलाई व्ययमा गणना गर्नुपर्ने भनी आधार लिई जम्मा रु.१,०२,०७,७००। यस शिर्षक अन्तर्गतको व्यय रकम देखिन आयो भनी भएको फैसला त्रुटिपूर्ण छ।<br>❖ **अनुप निर्माण सेवामा लगानीः** प्रतिवादी गीतादेवी सिंहका नाउँमा मिति २०४९/७/३० मा अनुप निर्माण सेवा नामको फर्म खोलिएको छ। सो फर्म खोल्दा लगानी भएको खर्च भनेर आरोपपत्रको आय व्ययको प्रवाह विवरणमा आ.व.२०४९/०५० मा रु.५,००,०००। व्यय देखाईएकोछ। त्यस्तै, आ.व.२०५५/०५६ मा रु.५,००,०००। पुन लगानी थप गरेर जम्मा रु.१०,००,०००। व्यय हिसाव गरिएकोमा प्रतिवादीले त्यति रकम लगानी गरेको वा सो रकम तिरेको वा बैंक जम्मा भएको भन्न तथ्य मिसिल प्रमाणबाट देखिएको अवस्था भने छैन। त्यसैले विना प्रमाण पुँजी बृद्धी गर्न लगानी गरेको भन्ने आरोपदावीसँग यो इजलास सहमत हुन सक्दैन भनी आधार लिएको सम्वन्धमा हेर्दा उक्त अनुप निर्माण सेवामा लगानी थप गरी पूजी वृद्धि गरी प्रमाण पत्र लिएकोमा विवाद देखिदैन तथा सो सँग सम्वन्धीत कागजात मिसिल सामेल देखिन्छ । कानूनी रुपमा पूजी वृद्धि गर्न श्रोत खुलाउनु नै पर्ने हुन्छ; जस्तै बैङ्क स्टेटमेण्ट लगाएतको श्रोत । यस अवस्थामा उक्त बढे बढाएको पूजीलाई व्ययमा गणना गर्नु नै पर्ने अवस्थामा सोलाई गणना नगरी भएको फैसला त्रुटिपूर्ण छ ।<br>❖ **सवारी साधन खरीदमा भएको खर्चः-** वादी दावी बमोजिमको मूल्य पुष्टी गर्ने प्रमाण केही नरहेको, प्रतिवादीले रु.६,००,०००। मा खरीद गरेको कुरा स्वीकार गरेको हुँदा त्यसैलाई किनेको मुल्य मान्नु उचित हुने देखिन्छ। त्यसैले प्रतिवादीले सवारी साधन खरीद शिर्षक अन्तर्गत जम्मा मुल्य रु.८,३७,०००। खर्च गरेको देखिन आयो भनी आधार लिएको हकमा हेर्दा उक्त सवारी साधन मिति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | हुने, कि.नं. १५६ र ७१६ को जग्गाको राजिनामा लिखत बमोजिमकै मुल्यलाई व्ययमा गणना गर्नुपर्ने हुँदा प्रतिवादीले घर, जग्गा खरीद गर्दा जम्मा मूल्य रु.१,५८,२४,४५२। व्यय गरेको भन्ने आरोपदावी देखिए पनि उपरोक्त विवेचनाबाट कि.नं.७८७ को घर जग्गाको लिखतमा उल्लेखित मुल्य कायम रहने र सो बाहेकका कि.नं. ७१६, कि.नं. १५६ को जग्गा र गीतादेवी सिंहले निजका दाजुबाट बकसपत्र वापतमा प्राप्त गरेका जग्गाको सन्दर्भमा आयोगले कायम गरेको मुल्य नै सहि देखिँदा त्यसमा प्रतिवादीको जिकिर पुग्न नसक्ने देखियो। त्यसैले प्रतिवादीको घर जग्गा खरीद तर्फको व्यय कि.नं. ७८७ को घर जग्गाको रु.५४,११,०००। कि.नं.७१६ र १५६ खरीद मूल्य क्रमश रु.६७,०००। र रु.२१,०००।- देखियो साथै प्रतिवादीले विवाद नगरेको आरोपदावीमा उल्लेख भएको अन्य जग्गा खरीद तर्फको रु.४७,०८,७००/- गरेर जम्मा रु.१,०२,०७,७००। यस शिर्षक अन्तर्गतको व्यय रकम देखिन आयो।<br>❖ **अनुप निर्माण सेवामा लगानीः** प्रतिवादी गीतादेवी सिंहका नाउँमा मिति २०४९/७/३० मा अनुप निर्माण सेवा नामको फर्म खोलिएको छ, सो फर्म खोल्दा लगानी भएको खर्च भनेर आरोपपत्रको आय व्ययको प्रवाह विवरणमा आ.व.२०४९/०५० मा रु.५,००,०००। व्यय देखाईएकोछ। त्यस्तै, आ.व.२०५५/०५६ मा रु.५,००,०००। पुन लगानी थप गरेर जम्मा रु.१०,००,०००। व्यय हिसाव गरिएकोमा प्रतिवादीले त्यति रकम लगानी गरेको वा सो रकम तिरेको वा बैंक जम्मा भएको भन्न तथ्य | २०५४।०६।१९ गते कृषि विकास बैंकवाट ऋण सापटी लिई खरिद गरी तत्काल भुक्तानी रु.१७०,०००।— गरेको देखिएकोवाट जम्मा उक्त ट्याक्टरको मुल्य रु.७७०,०००।— कायम भएको आरोपपत्रको पृ.३७ को Cash Flow Chart बुढा नं.५४ र ५५ वाट पुष्टि भएको अवस्थामा सोलाई अन्देखा गरी भएको फैसला त्रुटि पूर्ण छ ।<br>❖ **ट्रयाक्टर मर्मत खर्चः-** २० वर्षको अवधिमा जम्मा रु.३,००,०००। मर्मत खर्च मान्दा वार्षिक रु.१,५००। का दरले खर्च भएको देखिन्छ। एउटा ट्रयाक्टर शिर्षकमा वार्षिक रु.१,५००।- खर्च भयो भनेर देखाएको व्ययलाई स्वभाविक मान्नुपर्ने हुन्छ भनी आरोपपत्रको रकमलाई नै कायम गरेको अवस्था छ।<br>**तसर्थ माथि विवेचित आय व्ययको विश्लेषणवाट आरोप-पत्रमा उल्लेख भए वमोजिम जम्मा आय रु.१,६०,२१,०१८।८३ र व्यय जम्मा रु.३,५१,८२,६४४।५१ लाई अन्यथा भन्नु पर्ने अवस्था देखिदैन ।**<br>ङ. प्रतिवादीको आयवापतको रकम रु.१,६०,२१,०१८।८३ निर्धारण गर्दा प्रतिवादी स्वंमले पेश गरेका कागज प्रमाण, निजले गरेको वयान कागज तथा निज प्रतिवादीले भरेको सम्पत्ति विवरण र निज विगतमा कार्यरत रहेका विभिन्न कार्यालयवाट प्राप्त पत्र लगायतका कागज प्रमाणहरुको आधारमा वस्तुनिष्ठ रुपमा निर्धारण गरिएकोमा अदालतवाट निजको आय वापत रु.३,२२,८७,०९९।७० अनुमानको आधारमा आय बढी देखाई सफाई दिएको देखिन्छ । नेपाल सरकार विरुद्ध चिरञ्जिवी वाग्ले भएको भ्रष्टाचार मुद्दामा **"न्यायोचित अनुमान शून्यताको उपज नभई त्यसलाई कुनै न कुनै तथ्यले समर्थन गरेकै हुनुपर्ने, अनुसन्धानका क्रममा आएका कुराहरू र प्रतिवादीले प्रमाण पुऱ्याउने गरी आएका कुरा बाहेक अन्य प्रमाणहरूको खोजी गर्ने कार्य पुनरावेदन तहबाट हुन पनि सक्दैन । संकलित तथ्य एवं प्रमाणहरूबाट प्रमाणित हुनुपर्ने र यकीन गरिनुपर्ने विषयमा कोरा अनुमानबाट निक्यौंलमा पुग्न सकिँदैन । न्यायोचित अनुमानको जिकीर लिनेले त्यसका स्पष्ट आधारहरू खुलाउन सक्नु पर्ने हुन्छ ।"** (ने.का.प.२०६७, अंक १२, नि.नं. ८५१९) भनी सिद्धान्त प्रतिपादन भएकोमा प्रस्तुत मुद्दामा उक्त सिद्धान्त विपरित कुनै तथ्यको समर्थन विना प्रतिवादिको आय बढी देखाउनुका साथै फैसला गर्दा, विना तथ्य र प्रमाण अनुमान गरी प्रतिवादीलाई सफाई दिने मनसायले फैसला भएको हुँदा प्रस्तुत फैसला बदरभागी देखिन्छ ।<br>च. प्रतिवादीहरुले वयान गर्दा निजहरुको सम्पत्तिको वैधानिक स्रोत भनेको तलव, भत्ता, पैत्रिक सम्पत्ति तथा वैध स्रोतवाट आर्जन भएको सम्पत्ति हो भनी लेखाएको भएतापनि सम्पत्तिको खरिदमा नै उक्त भनाई पुष्टि हुने वस्तुनिष्ठ एवंम विश्वासयोग्य प्रमाण पेश गर्न सकेको पाईदैन । स्रोत नखुलेको सम्पत्तिबाट बढेबढाएको चल अचल सम्पत्तिका सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगका अनुसन्धान अधिकृतको प्रतिवेदनले युवराज शर्मा समेत प्रतिवादी भएको गैर कानूनी सम्पत्ति भ्रष्टाचार मुद्दामा **"गैरकानूनी आर्जन गरेको भनी पर्ने भ्रष्टाचारका मुद्दाहरुमा जाँच अवधिमा प्रतिवादीले आर्जन गरेको सम्पत्ति र गरेका खर्चहरुको सो अविधमा निजलाई कानूनी रुपमा प्राप्त भएका आयहरुवाट श्रोत पुष्टि गर्न सक्नु पर्ने। आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | मिसिल प्रमाणबाट देखिएको अवस्था भने छैन। त्यसैले विना प्रमाण पुँजी बृद्धी गर्न लगानी गरेको भन्ने आरोपदावीसँग यो इजलास सहमत हुन सक्दैन।<br>❖ **सवारी साधन खरीदमा भएको खर्चः-** वादी दावी बमोजिमको मूल्य पुष्टी गर्ने प्रमाण केहि नरहेको, प्रतिवादीले रु.६,००,०००। मा खरीद गरेको कुरा स्विकार गरेको हुँदा त्यसैलाई किनेको मुल्य मान्नु उचित हुने देखिन्छ। त्यसैले प्रतिवादीले सवारी साधन खरीद शिर्षक अन्तर्गत जम्मा मुल्य रु.८,३७,०००। खर्च गरेको देखिन आयो।<br>❖ **ट्र्याक्टर मर्मत खर्चः-** आरोपपत्रमा ट्र्याक्टर मर्मत खर्च वापत रु.३,००,०००। कायम भएकोमा ट्र्याक्टर संचालन खर्च भनेर अर्को शिर्षकमा व्यय जोडी सकेपछि पुन ट्र्याक्टर मर्मत खर्च जोड्न मिल्दैन भन्ने प्रतिवादीको जिकिर रहेको देखिन्छ। ट्र्याक्टर संचालन खर्चमा त्यसलाई चलाउन लाग्ने इन्धन लगायतको खर्च जोडिने भए तापनि मर्मत अन्तर्गत सवारी साधनलाई दुरुस्त राख्न गर्नुपर्ने सर्भिसिङ्ग, बिग्रिएमा गर्नुपर्ने मर्मतको रकम पर्ने देखिन्छ। प्रतिवादीले २०५४/६/१९ मा खरीद गरेर २०७४ सालसम्म करिव २० वर्ष उक्त ट्र्याक्टर चलाएको भन्ने प्रतिवादीकै स्विकारोक्ती रहेको छ। २० वर्षको अवधिमा जम्मा रु.३,००,०००। मर्मत खर्च मान्दा वार्षिक रु.१,५००। का दरले खर्च भएको देखिन्छ। एउटा ट्र्याक्टर शिर्षकमा वार्षिक रु.१,५००। खर्च भयो भनेर देखाएको व्ययलाई स्वभाविक मान्नुपर्ने हुन्छ।<br>***प्रतिवादीको जाँच अवधिको समग्र व्यय रकम*** | **गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ। त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन। बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिंदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ, जुन कानूनसम्मत हुन नसक्ने"** (ने.का.प.२०६९, अंक ५, निर्णय नं. ८८८६)भनी नजीर समेत प्रतिपादित भएको देखिन्छ। जसवाट गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको पुष्टि हुन आएको अवस्थामा विद्यमान कानूनी व्यवस्था तथा सम्मानित सर्वोच्च अदालतवाट प्रतिपादित कानूनी सिद्धान्तको आधारमा अभियोगदावी बमोजिम कसुर ठहर गरी आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत गरिनुपर्नेमा सो नगरी अभियोग मागदावीवाट समेत सफाई दिने गरी भएको उक्त फैसला त्रुटिपूर्ण रहेको हुँदा बदरभागी छ ।<br>छ. प्रस्तुत मुद्दामा विशेष गरी जग्गा विक्रि वापतको रकम तथा शेयर विक्रि वापतको रकम प्रतिवादीको आयमा गणना गर्दा आयोगले जग्गा विक्रि वापतको आम्दानिका सम्बन्धमा सम्बन्धित मालपोत कार्यालयको लिखतमा भएको मुल्यांकन र रजिष्ट्रेशन दस्तुर अनुसार मुल्यांकन कायम गरिएको छ भने शेयर विक्रि वापतको आम्दानी गणना गर्दा सम्बन्धित वैंक तथा वित्तिय संस्थाहरुवाट प्राप्त विवरणको आधारमा प्रतिशेयर दर बमोजिम रकम निर्धारण गरिएको छ । अदालतवाट थप आय गणना गरेको रकम जग्गा तथा शेयर खरिद गर्दा कै अवस्थामा स्रोत खोल्न एवं पुष्टि गर्न नसकेको अवस्थामा उक्त जग्गा एवं शेयर विक्रि वापतको रकम वैद्यानिक मान्न नमिल्ने अवस्थामा अदालतवाट आयमा गणना गरिनु त्रुटिपूर्ण रहेको छ । <u>नेपाल सरकार विरुद्ध खुमबहादुर खड्का भएको मुद्दामा (ने.का.प.२०६९, अंक ५, नि.नं. ८८३२) निम्न सिद्धान्तहरु प्रतिपादन भएको देखिन्छः</u><br>• निक्षेपबाट बढेबढाएको ब्याज रकमलाई सम्पत्तिको मान्यता दिई विगो कायम गर्न तथा आय स्रोतका रुपमा छुट्टै मान्यता प्रदान गर्न नमिली निक्षेप रकमको स्रोत पुष्टि भएमा सोबाट बढेबढाएको ब्याजको पनि स्वतः स्रोत पुष्टि हुने तथा स्रोत पुष्टि नभएको विगोको रुपमा रहने सम्पत्ति तथा सोबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी भई जफतसम्म हुने ।<br>• जाँच अवधिमा खरीद गरिएका जग्गा बिक्रीबाट प्राप्त रकमलाई आयको रुपमा जिकीर लिइन्छ र मान्यता पनि दिइन्छ भने त्यस्तो जग्गा खरीदको स्रोत पनि पुष्टि गर्नुपर्ने ।<br>• निक्षेपबाट प्राप्त भएको ब्याज बढेबढाएको सम्पत्ति हुँदा बढेबढाएको सम्पत्तिको छुट्टै स्रोत दिई रहनु पर्ने अवस्था पर्दैन। आधारभूत सम्पत्ति अर्थात् निक्षेप रकमको स्रोत पुष्टि भएमा त्यसबाट बढेबढाएको ब्याजको पनि स्वतः कानूनअनुरूपको आर्जन हुने र निक्षेप रकमको स्रोत पुष्टि गर्न नसकेमा त्यसबाट बढेबढाएको सम्पत्ति पनि स्वतः गैरकानूनी हुने ।<br>• खातामा जम्मा गरेको निक्षेपको स्रोत भने पुष्टि गर्नु नपर्ने केवल खाताबाट प्राप्त ब्याज मात्रै आयस्रोतको रुपमा गणना हुनुपर्ने भन्ने तर्क कानूनसम्मत हुन नसक्ने ।<br>• कानूनले नै सार्वजनिक पद धारण गरेको मानिने राष्ट्रसेवकका साथमा रहेको सम्पत्तिको स्रोत पुष्टि गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | *रु.२,८७,४७,०९२।५१ कायम हुने देखियो।* उल्लिखित विश्लेषणबाट प्रतिवादीको समग्र आय रकम रु.३,२२,८७,०६६.७०।र व्यय रकम रु.२,८७,४७,०९२.५१। देखियो। आयोगका तर्फबाट कायम गरिएको प्रतिवादीको समग्र आय व्यय मनासिव देखिएन अतः विवेचित आधार र कारणहरुबाट प्रतिवादीहरुले गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरेको बस्तुनिष्ठ प्रमाणहरुबाट पुष्टि हुन सकेको नदेखिदा प्रतिवादीहरु उपरको आरोपदावी पुग्न नसकी प्रतिवादीहरु बिनोद कुमार सिंह, गीता देवी सिंह, अनुप कुमार सिंह र अचल कुमार सिंहले आरोपित कसूरबाट सफाइ पाउने ठहर्छ। | दायित्व निजउपर राखी सो गर्न नसकेमा गैरकानूनी आर्जन मान्नु पर्ने गरी स्पष्ट व्यवस्था गरेको अवस्थामा कानूनको सीधा प्रावधानको बलपूर्वक व्याख्या गरी अन्यथा अर्थ गर्न वा निकाल्न नमिल्ने।<br>• उल्लिखित सिद्धान्तहरु समेत यस मुद्दामा आकर्षित हुने देखिन्छ। यस मुद्दामा समेत प्रतिवादीले जग्गा खरिद र शेयर खरिदको स्रोत पुष्टी गर्न सकेको देखिदैन। आयोगको तर्फवाट त्यस्तो श्रोत पुष्टि हुन नसकेको रकमलाई आयमा गणना नगरिएकोमा अदालतवाट त्यस्तो रकम समेतलाई आयमा गणना गरी व्यय भन्दा आय रकम बढी देखाई आरोपदावीवाट सफाई दिएको उक्त फैसला सर्वोच्च अदालतवाट प्रतिपादित सिद्धान्त, विद्यमान कानूनी व्यवस्था प्रतिकुल रहनुका साथै प्रथम दृष्टिमानै त्रुटिपूर्ण देखिएको हुँदा खारेज भागी छ। |